**प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश**
**नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायक पाँचौं तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमको रुपरेखाः–** यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

**प्रथम चरण** :– लिखित परीक्षा पूर्णाङ्क :– १००
**द्वितीय चरण** :– अन्तर्वार्ता पूर्णाङ्क :– २०

**प्रथम चरण** – लिखित परीक्षा योजना (Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (Multiple Choice) | ५० प्रश्न x २ अङ्क = १०० | ४५ मिनेट |

**द्वितीय चरण**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।
२. लिखित परीक्षामा यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| पाठ्यक्रमका एकाइ | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न सङ्ख्या | 12 | 6 | 6 | 6 | 6 | 6 | 4 | 2 | 2 |

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।
४. कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठक्रममा परेको सम्झनु पर्दछ ।
५. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।
६. पाठ्यक्रम लागू मिति :-२०७७/९/१२

**प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश**
**नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायक पाँचौं तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**
**पत्र/ विषय :– सेवा सम्वन्धी**

१. **कृषि सम्बन्धी**
१.१ नेपालको संविधानमा कृषि तथा खाद्य सम्वन्धी व्यवस्था
१.२ निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० मा कर्मचारीको आचरण, विदा र सजाय सम्वन्धी व्यवस्था
१.३ राष्ट्रिय कृषि नीति, २०६१
१.४ चालू योजनामा कृषि क्षेत्रको प्राथमिकता, लक्ष्य, उद्देश्य, कार्यक्रम एवं कार्यान्वयन रणनीति
१.५ कृषि विकास रणनीति २०१५-२०३५ र यसका विशेषताहरु
१.६ वर्तमान अवस्थामा बागमती प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका सङ्गठन संरचना
१.७ कृषि विकास कार्यक्रम तर्जुमाका आधार र एकीकृत प्रसारसेवा कार्यक्रम
१.८ कृषि विकास कार्यक्रममा ऋण, उत्पादन सामग्री, कृषि औजार तथा उपकरण, बजार तथा मूल्य व्यवस्था
१.९ प्रमुख कृषि जन्य वस्तुहरुको उत्पादन लागत तथा मूल्य निर्धारण
१.१० कृषि विकासमा सरकारी, सहकारी, निजी क्षेत्र तथा महिला एवं युवाको भूमिका
१.११ नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्व र नेपालको कृषि क्षेत्रका प्रमुख समस्याहरु
१.१२ बागमती प्रदेशको प्रमुख बालीहरु तथा तिनको उत्पादन अवस्था
१.१३ उत्पादन वृद्धिको लागि अपनाइने उत्पादन र उत्पादनोपरान्त (Post-harvest) प्रविधि
१.१४ कृषि विकासमा कृषि प्रसार, कृषि अनुसन्धान र कृषि शिक्षाको महत्व
१.१५ प्राङ्गारिक कृषि
१.१६ कृषि विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा कृषि तथ्याङ्कको महत्व
१.१७ कार्यक्रम कार्यान्वयनमा सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकनको भूमिका
१.१८ कृषि विकासका लागि सञ्चार कार्यक्रमको आवश्यकता एवं विकसित नयाँ प्रविधिहरु
१.१९ कृषि विकासका लागि तालीम कार्यक्रमको भूमिका
१.२० कृषि क्षेत्रमा जोखिम व्यवस्थापन तथा बाली वीमा सम्वन्धी व्यवस्था
१.२१ कृषि विकासमा ग्रामीण पूर्वाधार (सिंचाइ, कृषि सडक, कोल्डस्टोर, बजार आदि) को महत्व
१.२२ कृषि आधुनिकीकरण तथा व्यवसायीकरणवारे सामान्य जानकारी
१.२३ जलवायु परिवर्तन र यसले नेपालको कृषि क्षेत्रमा पुर्‍याएका असर/प्रभावहरु र न्यूनीकरणका उपायहरु
१.२४ दिगो कृषि विकासका सिद्धान्तहरु
१.२५ संघीयतामा कृषि क्षेत्र एवं कृषि विकास कार्यक्रममा स्थानीय तहहरुको भूमिका
१.२६ संघीयतामा कृषि क्षेत्र एवं कृषि विकास कार्यक्रममा प्रदेश स्तरको भूमिका

२. **बागवानी**
२.१ दीर्घकालीन कृषि र आर्थिक विकासमा वागवानी क्षेत्रको महत्व
२.२ बागमती प्रदेशमा वागवानीजन्य बालीहरु (फलफूल, तरकारी, आलु तथा मसला)को सिफारिश गरिएका जातहरु
२.३ प्रमुख फलफूल बालीहरु (आँप, लिची, केरा भूईंकटहर, अम्बा, सुन्तला, स्याउ, किवी) को खेती गर्ने उन्नत तरिका, प्रसारण, काँटछाँट, मलखाद व्यवस्थापन, रोग कीराहरु तथा अन्य विकृतिहरु र तिनको व्यवस्थापन, उत्पादन, प्रशोधन, भण्डारण र ढुवानी
२.४ फलफूल, तरकारी तथा अलैंची बालीको नर्सरी स्थापना तथा व्यवस्थापन
२.५ प्रमुख तरकारी बालीहरु (काउली समूह, जरे समूह, फल समूह, फर्सी समूह, सागपात समूह) को उन्नत खेती प्रविधि
२.६ फलफूल तथा तरकारी खेतीमा हाइब्रीड (वर्णशंकर) जातहरुको प्रयोग र महत्व
२.७ बेमौसमी तरकारी खेती प्रविधिको महत्व र आवश्यकता एवं बेमौसमी खेती प्रविधिहरु (प्लाष्टिक घर, ग्रीन हाउस, एग्री नेट हाउसमा खेती)
२.८ करेसावारी (Kitchen Garden) को परिभाषा, महत्व र व्यवस्थापन तरिका
२.९ उन्नत आलु उत्पादन प्रविधि तथा भण्डारण गर्ने तरिकाहरु

२.१० बागमती प्रदेशमा फलफूल, तरकारी, आलु तथा मसला बालीहरुको बजार व्यवस्था तथा समस्याहरु
२.११ बागमती प्रदेशमा मसलावाली (अलैंची, अदुवा, बेसार) को स्थिति एवं उन्नतखेती प्रविधि
२.१२ बागमती प्रदेशमा चिया तथा कफी खेतीको महत्व तथा सम्भाव्यता
२.१३ बागमती प्रदेशमा फूल खेती (Floriculture) र कट फ्लावर (Cut flower) मा प्रयोग हुने फूलहरु
२.१४ बागवानी बालीहरुमा मलखाद, सिंचाइ तथा मल्चिङ्ग प्रविधिहरु
२.१५ बाली उत्पादन उपरान्तका क्षतिहरु र न्यूनीकरणका उपायहरु (उत्पादन लिने उचित समय, फलफूल पकाउने, भण्डारण, सफाइ, छनौट, क्युरिङ्ग, ग्रेडिङ्ग, मैन लगाउने, उपचार, कोल्ड चेन)

## ३. कृषि प्रसार

३.१ कृषि प्रसार - परिचय, अवधारणा, सिद्धान्त र महत्व
३.२ कृषि प्रसार कार्यकर्ता र निजमा हुनुपर्ने गुणहरु
३.३ नेपालमा सञ्चालन भएका विभिन्न कृषि प्रसार पद्धतिहरु
३.४ नेपालमा सञ्चालित विभिन्न कृषिप्रसार तरिकाहरु र तिनीहरुको सञ्चालन विधि
३.५ अगुवा कृषक तथा कृषक समूहको परिचय, महत्व एवं कृषि प्रसारमा अगुवा कृषकको भूमिका
३.६ कृषि विकास कार्यमा अगुवा कृषकहरुको परिचालन
३.७ कृषक समूह गठन प्रकृया एवं प्रभावकारी परिचालन, कृषक समूह मार्फत कृषि प्रसार कार्य सञ्चालन
३.८ कृषि प्रसारमा स्थानीय नेतृत्वको भूमिका
३.९ उपयुक्त कृषि प्रसार तरिका छनौटका आधारहरु
३.१० Innovation, Diffusion and Adopters Categories
३.११ कृषि सञ्चार र प्रविधि प्रसारणमा श्रव्यदृश्य सामग्री, मोवाइल एप्लिकेशन र किसान कल सेन्टर
३.१२ कृषि तालिम र यसको महत्व तथा कृषक तालिममा आवश्यकता पहिचान
३.१३ प्रभावकारी तालिम सञ्चालनका आधारहरु

## ४. बाली विज्ञान

४.१ बाली विज्ञानको परिभाषा र नेपालमा बाली विकासको महत्व
४.२ बागमती प्रदेशमा लगाइने खाद्यान्न, दलहन र तेलहन बालीहरुको वैज्ञानिक नामाकरण र वर्गीकरण
४.३ बागमती प्रदेशमाको हावापानी अनुसार हालसालै सिफारिश गरिएका बालीहरु (धान, मकै, गहुं, कोदो, भटमास, मुसुरो, तोरी) को जात र तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारिश क्षेत्र र मुख्य विशेषताहरु
४.४ बीउको परिभाषा, प्रमाणिकरण तथा यथार्थ संकेतपत्र पद्दति अनुसार बीउका पुस्ताहरुको नाम एवं पुस्ता जनाउने ट्यागको रंग
४.५ असल बीउका गुणहरु, वीउको गुणस्तर कायम राख्न अपनाउनु पर्ने विधिहरु
४.६ धान, मकै, गहुं, कोदो, भटमास, मास, मुसुरो र तोरी बालीहरुको उन्नत खेती प्रविधि :
४.७ नेपालको विभिन्न क्षेत्रमा प्रचलित बालीचक्र, तिनको महत्व, उदाहरण र संकेत चिन्ह

## ५. बाली संरक्षण

५.१ नेपालका प्रमुख खाद्यान्न, नगदे, तरकारी एवं फलफूल बालीका प्रमुख रोग, किरा, मुसा एवं झारपातको नाम, पहिचान, नोक्सानी, लक्षण एवं रोकथाम प्रविधि
५.२ एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated pest management) को महत्व र तरिकाहरु
५.३ कृषि विकासमा उत्पादनोपरान्तको रोगकिरा व्यवस्थापनको महत्व र यस क्षेत्रमा उपलव्ध प्रविधिहरु
५.४ बाली संरक्षण प्रयोगशाला निदान सेवाका लागि प्रयोग हुने सामान्य विधिहरु
५.५ रोग, किरा एवं झारपात तथा यिनको प्राकृतिक शत्रुहरु (मित्रजीव) को सर्वेक्षण /Surveillance विधि
५.६ मौरी पालन, रेशम किरा पालन तथा किम्वु खेतीको उन्नत प्रविधि
५.७ बागमती प्रदेशमा खेती गरिएका च्याउका प्रजाती र कन्ये तथा गोव्रे च्याउ खेती प्रविधि
५.८ रोग किरा व्यवस्थापनमा Plant Quarantine को भूमिका
५.९ जीवनाशक विषादी ऐन, २०४८ र जीवनाशक विषादी नियमावली, २०५० का विशेषताहरु
५.१० विरुवा संरक्षण ऐन, २०६४ र विरुवा संरक्षण नियमावली २०६४ का विशेषताहरु

५.११ नेपालमा प्रतिबन्ध गरिएका विषादीहरु, विषादीको सुरक्षित प्रयोग र विषादी अवशेष द्रुत विश्लेषण (RBPR)
५.१२ जैविक तथा वानस्पतिक विधिबाट बाली संरक्षण

६. **एगृ इको एण्ड मार्केटिङ्ग**
६.१ कृषि अर्थशास्त्रको परिचय र कृषि विकासमा यसको महत्व
६.२ माग तथा आपूर्तिको परिचय र नियम
६.३ बजारमुखी कृषि उत्पादन योजनाको अवधारणा
६.४ कृषि विकासमा बजारको महत्व
६.५ फार्मगेट, थोक तथा खुद्रा मुल्यको अवधारणा
६.६ समूह बजार, हाट बजार, सहकारी बजारको परिचय, वर्तमान स्थिति र कृषि विकासमा यसको महत्व
६.७ खाद्य तथा पोषण सुरक्षाको अवधारणा
६.८ उत्पादन लागतको परिचय र तुलनात्मक लाभका बालीहरुको पहिचानमा यसको भूमिका
६.९ प्राथमिक तथ्यांक (Primary data) र सहायक तथ्यांक (Secondary data) को परिचय तथा श्रोतहरु एवं तथ्यांक संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु
६.१० तथ्यांक प्रशोधन तथा टेबुलेशनमा Mean, Median र Mode को प्रयोग
६.११ कृषि उद्यम (Agri-business) को परिचय र नेपालमा यसका सम्भावनाहरु
६.१२ नेपालमा वस्तुगत कृषि उपजहरुको बजार प्रणाली बारे जानकारी
६.१३ कृषिवस्तुमा मूल्य अभिवृद्धि श्रृंखला विकासको परिचय तथा महत्व

७. **माटो व्यवस्थापन**
७.१ माटोको परिभाषा, माटो निर्माणको प्रक्रिया र नेपालको माटोवारे संक्षिप्त जानकारी
७.२ माटोका गुणहरु
७.२.१ भौतिक गुण - बनौट, बनौट संरचना, घनत्व, रंग, चिस्यान
७.२.२ रसायनिक गुण - माटोको प्रतिक्रिया, प्रांगारिक पदार्थ, कार्बन, नाईट्रोजन अनुपात
७.२.३ जैविक गुण - राईजोबियम र एजोटोव्याक्टर
७.२.४ अम्लीय र क्षारीय माटोको सुधार किन र कसरी
७.३ बिरुवालाई आवश्यक निम्न खाद्यतत्वहरुको काम र यिनको कमी हुंदा देखिने लक्षण र रोकथामका उपायहरु
७.३.१ मुख्य तत्वहरु - नाईट्रोजन, फस्फोरस र पोटास
७.३.२ सहायक तत्वहरु - क्याल्सियम, म्याग्नेसियम र गन्धक
७.३.३ सूक्ष्म तत्वहरु - फलाम, तामा, जस्ता, म्याग्नेज, मोलिवडेनम, सुहाग (बोरोन) र क्लोरिन
७.४ मल र मलखाद
७.४.१ प्रांगारिक मलहरु (कम्पोष्ट मल, गोठेमल, भर्मिकम्पोष्ट, सूक्ष्म जैविक मल, कुखुराको मल, हरियो मल, बायोग्याँस लेदोको मल)
७.४.२ रसायनिक मलहरु (नाइट्रोजनयुक्त, फस्फोरसयुक्त, पोटासयुक्त, मिश्रित र यौगिक, सहायक खाद्यतत्वयुक्त, सूक्ष्मतत्वयुक्त)
७.४.३ मलको मात्रा निकाल्ने तरिका
७.४.४ मलको प्रकृति, प्रयोग समय र प्रयोग गर्ने तरिकाहरु
७.५ माटो जाँच सेवा:
७.५.१ माटोको नमूना लिने तरिका: किन, कहिले र कसरी
७.५.२ माटो जाँचको लागि माटोको तयारी
७.५.३ Kit box बाट नाईट्रोजन, फस्फोरस, पोटास तथा पि.एच. पत्ता लगाउने तरिका
७.६ माटो शिविर र यसको महत्व, घुम्ती माटो परीक्षण प्रयोगशालावाट माटो जाँच
७.७ माटोको उर्वराशक्ति कायम राख्ने र बाली उत्पादनमा यसको व्यवस्थापन र महत्व
७.८ भू-क्षय (Soil Erosion) र यसको कारण, प्रकार तथा व्यवस्थापन

**प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश**
**नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग समूह, सहायक पाँचौं तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

८. अंग्रेजी: Knowledge on writing correct English sentences, letters, and reports according to English grammar based on the following syntactic functions:
  ८.१ Part of Speech:
    ८.१.१ Noun
    ८.१.२ Pronoun
    ८.१.३ Adjective
    ८.१.४ Determiner
    ८.१.५ Verb
    ८.१.६ Adverb
    ८.१.७ Preposition
    ८.१.८ Conjunction and
    ८.१.९ Interjection
  ८.२ Infinitives and gerunds, reported speech and tenses

९. नेपाली: नेपाली भाषामा स्तरीय लेखनको लागि आवश्यक पर्ने व्याकरण अनुरूप शुद्धा शुद्धि बनाउने । यसका लागि निम्न विषयमा ध्यान केन्द्रित गर्ने:
  ९.१ वर्णविन्यास, पदसङ्गति, नाम, सर्वनाम, क्रियापद, विशेषण, काल, वाच्य, पदवर्ग, अनुकरणात्मक शब्द, कारक र विभक्ती, वचन, पुरुष, लिङ्ग, उल्टो अर्थ आउने शब्द, पर्यायवाची शब्द, तत्सम शब्द, तद्भव शब्द, आगन्तुक शब्द, उपसर्ग लागेर निर्मित शब्दहरू, प्रत्यय लागेर निर्मित शब्दहरू, समास भएर निर्मित शब्दहरू, द्वित्व भएर निर्मित शब्दहरू, ह्रस्व दीर्घ, श, ष, स लगायतका व्याकरणगत शुद्ध लेखनशैलीमा केन्द्रित विषयहरू सहितको नेपाली शुद्धाशुद्धिको ज्ञान